**आदरणीय नगर सभा सदस्य ज्यूहरु,**

अब म स्थानीय तह निर्वाचन २०७९ बाट हामि निर्वाचित भै आएपश्चातको पहिलो वर्ष (चालु आर्थिक वर्ष) मा भए गरेका कार्यक्रमहरुको संक्षिप्त सुची प्रस्तुत गर्न चाहन्छु:

- चालु आर्थिक वर्ष २०७९/०८० को जेष्ठ मसान्त सम्म १४.५७ कि.मि कालो पत्रे, ४०.६२ कि.मि ग्राभेल सडक, १४९०.८ स्क्वायर मिटर मोजाएक टायल लगाउने कार्य सम्पन्न भै ११३२.८५ मिटर नाली निर्माण, १० र ११ नं. वडा कार्यालयमा तला थप, विद्यालय, सामुदायिक भवन, सत्तल, क्रियापुत्री भवन, शौचालय जस्ता ३१ वटा संरचना निर्माण भएका छन् भने, २९३.८ विघा जग्गा नापजाँच सम्पन्न भई नेपाल सरकारका नाममा पुर्जा प्राप्त भैसकेको छ, नदी कटान रोक्न तटबन्धन कार्यक्रम, वडा नं. ४ र ६ का वडा कार्यालय निर्माणाधीन छन् । नगरपालिकामा अभिलेख भवन समेत निर्माणाधीन छ । १०-१७ रिंग रोड को काम सुरु भैसकेको छ ।
- अनलाइन प्रणाली मार्फत व्यवसाय दर्ता प्रक्रिया सुरु गरिएको छ भने डाइनामिक क्यु आर कोड (Dynamic QR Code) मार्फत राजश्व भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ ।
- नगर शिक्षा ऐन, खेलकुद विकास ऐन, जलश्रोत व्यवस्थापन ऐन, नगर प्रहरी ऐन, सहकारी ऐन र नगर प्रज्ञा प्रतिष्ठान ऐन जारि भै सकेका छन् र ६ वटा विभिन्न विषयगत कार्यविधि साथै आर्थिक अनुशासन कायम गर्न खर्चको मापदण्ड २०७९ पनि जारि गरिएको छ ।
- पशुमा समेत पुर्व खोप संचालन, निशुल्क भिटामिन तथा मिनरल वितरण गरिएको छ भने धान पाकेट कार्यक्रम, अनुदानमा विउ विजन वितरण, माटोको नमुना परिक्षण र रासायनिक मल वितरण प्रणाली पारदर्शी गराइएको छ ।
- फोहोर मैलाको दिगो व्यवस्थापनको आधार तयार गरीएको छ भने प्रकृति प्रदत्व पदार्थको विक्री वितरणको कार्यविधि तयार गरी राजश्व असुलीमा सुधार ल्याइएको छ ।
- नगर क्षत्रभित्रका सहकारी, खानेपानी संस्था, टोल विकास संस्था लाई नियमन गर्नको लागि कानुन वनाई व्यवस्थित गरिएको छ ।
- स्थानीय भवन निर्माणकर्मीको लागि भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम संचालन गरी भवन निर्माण इजाजत उपलब्ध गराइ नियमनको लागि कार्यविधि तयार गरी लागु गरिएको छ ।
- नगर तथा वडा स्तरीय बाल संजाल, खेलकुद विकास समितिहरु गठन गरिएको छ भने लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।
- नगर अस्पताल व्यवस्थापन कार्यविधि जारि गरी समिति गठन भएकोछ र वडा नं. ३ र १८ का गर्भवतीलाइ लक्षित गरी नगर अस्पतालमा आमा घर स्थापना गरिएको छ, भने वहिरंग सेवा निशुल्क गरिएको, वहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत कुपोषण न्यूनीकरण कार्यक्रम संचालन गरिएको, जेष्ठ नागरिकको घरदैलो चेकजाँच कार्यक्रम, घुम्ती स्वास्थ्य तथा आयुर्वेद शिविर संचालन गरी सेवा दिइएको छ भने राजश्व संकलनमा दर भन्दा दायरा फराकिलो गराउने नीति अनुसार राजश्व असुलीमा वृद्धि हुदै गएको छ ।

नगरपालिकामा विषयगत समितिहरु गठन भै कार्यप्रक्रियामा सहजता आएको छ । विपद् व्यवस्थापन कोष संचालन कार्यविधि जारि भै राहत वितरण कार्यक्रम पारदर्शी वनाइएको छ ।

- भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको समस्या हल गर्न नगरपालिकामा सेवा केन्द्र स्थापना गरी प्रक्रिया अगाडी बढाइएको छ ।
- न्यायिक समितिमा प्राप्त उजुरीहरुलाई मेलमिलापकै माध्यामवाट समाधान गरिदै आएको छ ।
- जिल्ला स्थित डिभिजन सहकारी कार्यालयले गर्ने सम्पूर्ण जिम्मेवारीहरु स्थानीय तहमा आइसकेपछि सहकारी संस्थाहरुको नियमनका लागि कानुन व्यवस्था गरी नियमनलाई प्रभावकारी वनाइएको छ । हाल नगरक्षेत्रमा १९ अर्व पुँजी परिचालन सहित ३९ वटा सहकारी संस्थाहरु संचालनमा रहेकाछन ।
- नगरको समग्र विकासलाइ दिर्घकालिन रुपमा मार्ग दर्शनका लागि पञ्च वर्षीय आवधिक योजना तयार गरिएको छ।

स्थानीय सरकारको दोश्रो कार्यकालको दोश्रो वर्षमा प्रवेश सगै आफ्ना नीति तथा कार्यक्रमहरुलाई संचालन गरी नीतिगत तथा संस्थागत स्थायित्व कायम गर्दै निरन्तर सुधार र नगर विकास गर्न यस वर्षको नीति तथा कार्यक्रम निर्देशित रहेको छ । यस वर्षको नीति तथा कार्यक्रमवाट नगरवासीहरुको विकास र संवृद्धिप्रतिको आकांक्षा पुरा गर्ने, उत्पादनमूलक तथा आयमूलक कार्यक्रमवाट जनताको जीविकोपार्जनलाई टेवा पुऱ्याउने तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमको कारणले अर्थतन्त्रमा देखिएका संकुचनवाट प्रभावित भएको नगरको समग्र विकास प्रक्रियालाई समेत माथि उठाउने जस्ता विषयहरुमा नै मुलतः हाम्रो ध्यान केन्द्रित गरी सोही अनुरुपका नीति तथा कार्यक्रमहरु अवलम्बन गर्दै उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्न प्रयास गरेका छौ ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, राष्ट्रिय स्वाभिमान र लोकतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं। ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको अमुल्य योगदानको पुनः स्मरण गर्न चाहन्छौं।

समुदायको विकासका लागि प्रत्येक नागरिकको "कोखदेखि शोकसम्म" का कार्यक्रमहरू समेटेर समग्र नगरको विकास गर्ने अभिप्रायले शिक्षा प्रणालीको विकास र परिवर्तन, खेलकुद र युवा स्वरोजगार, स्वास्थ्य तथा सरसफाइ तथा खानेपानी, कृषि तथा पशुपालन, वन, वातावरण र पर्यावरण, भौतिक पूर्वाधार विकास तथा सूचना प्रविधि मैत्री नगर निर्माण, महिला तथा बालबालिका, अपाङ्ग, दलित, जनजाति, भूमि व्यवस्थापन, उद्यम / स्वरोजगार / रोजगार, सामाजिक सुरक्षा असल शासन र जवाफदेहिता आदि कार्यक्रम सञ्चालन गर्ने क्रममा अपनाइने क्रियाकलापहरुको विस्तृत विवरण यसै नीति मार्फत पेश गरिएको छ । नगरको समग्र आर्थिक तथा सामाजिक क्षेत्रको विकासलाई गति दिन यी कार्यसंकल्पहरू कोशेढुङ्गा साबित हुनेछन् भन्ने कुरामा हामी दृढ छौ । यी कार्यक्रम सम्पन्न गर्नका लागि संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय योजना आयोगका साथै स्थानीय-स्तरमा रहेका विभिन्न सामाजिक संघ संस्था, सहकारी, सामुदायिक वन, खानेपानी, शैक्षिक संस्था, धार्मिक संस्था, निजी क्षेत्रको साझेदारीमा यी कार्यक्रम परिचालन गरिनेछ । हामीलाई आशा छ, यी कार्यक्रमले सबै वर्ग, समुदाय, दलित जनजाति, पिछडिएको वर्ग, भाषाभाषीको प्रवर्धन र सम्वर्द्धन हुँदै सबल स्थानीय सरकार, समुन्नत गाउँ, समुन्नत नगरको परिकल्पना पुरा हुनेछन् ।